Language Code : **13**

इस पुस्तिका में **16** मुद्रित पृष्ठ हैं।
This booklet contains **16** Printed pages.

# SAS-24-I

**प्रश्न-पत्र-I / PAPER-I**
**नेपाली भाषा परिशिष्ट**
**Nepali Language Supplement**
**भाग-IV & V / PART-IV & V**

**मुख्य परीक्षा पुस्तिका संख्या / Main Test Booklet No.**

**मुख्य परीक्षा पुस्तिका कोड / Main Test Booklet Code**

**I**

**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए।**
**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 15 व 16) पर दिए निर्देशों को ध्यान से पढ़ें।**
**Read carefully the Instructions on the Back Cover (Page 15 & 16) of this Test Booklet.**

**नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें। / FOR INSTRUCTIONS IN NEPALI SEE PAGE 2 OF THIS BOOKLET.**

## परीक्षार्थियों के लिए निर्देश

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं**।
2. परीक्षार्थी भाग I एवं भाग II **या** III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं। भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर पत्र पर निशान लगाने के लिए **केवल काले/नीले बॉल पॉइंट पेन** का प्रयोग करें।
5. इस भाषा पुस्तिका का **संकेत** है **I**। यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, उत्तर पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है। अगर यह भिन्न हो, तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, जो प्रत्येक 1 अंक का है :
   भाग-IV : भाषा-I (नेपाली) (प्र. 91 से प्र. 120)
   भाग-V : भाषा-II (नेपाली) (प्र. 121 से प्र. 150)
7. भाग-IV में भाषा-I के लिए 30 प्रश्न और भाग-V में भाषा-II के लिए 30 प्रश्न दिए गए हैं। इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से संबंधित प्रश्न दिए गए हैं। **यदि भाषा-I और/या भाषा-II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लीजिए। जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए।**
8. **परीक्षार्थी भाग-V (भाषा-II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा-I (भाग-IV) में चुनी गई भाषा से भिन्न हो।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें। अपने उत्तर ध्यानपूर्वक अंकित करें। उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है।

## INSTRUCTIONS FOR CANDIDATES

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Part I and Part II **OR** III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Black/Blue Ball Point Pen only** for writing particulars on this page/marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **I**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Test Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V, consisting of **60** Objective Type Questions, each carrying 1 mark :
   Part-IV : Language-I (Nepali) (Q. 91 to Q. 120)
   Part-V : Language-II (Nepali) (Q. 121 to Q. 150)
7. Part-IV contains 30 questions for Language-I and Part-V contains 30 questions for Language-II. In this Test Booklet, only questions pertaining to Nepali language have been given. **In case the language/s you have opted for as Language-I and/or Language-II is a Language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The language being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part-V (Language-II) in a language other than the one chosen as Language-I (in Part-IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

परीक्षार्थी का नाम (बड़े अक्षरों में) : ____________________
Name of the Candidate (in Capitals) :

अनुक्रमांक : (अंकों में) / Roll Number : in figures ____________________
: शब्दों में / in words ____________________

परीक्षा केन्द्र (बड़े अक्षरों में) : ____________________
Centre of Examination (in Capitals) :

परीक्षार्थी के हस्ताक्षर : ____________________ निरीक्षक के हस्ताक्षर : ____________________
Candidate's Signature : Invigilator's Signature :

Facsimile Signature Stamp of
Centre Superintendent : ____________________

Language Code : **13**

यस पुस्तिकामा 16 पृष्ठ छन्।

# SAS-24-I

**प्रश्नपत्र-I**

**नेपाली भाषा परिशिष्ट खण्ड**

**भाग IV र V**

**परीक्षा पुस्तिका संङ्केत**

**I**

**यो परीक्षा पुस्तिका तब मात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ।**

**यस परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा ( पृष्ठ 15 व 16 ) दिइएको निर्देश ध्यानले पढ्नुहोस्।**

**परीक्षार्थीहरूका लागि निर्देश :**

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो। ती परीक्षार्थीहरूका लागि जसले **वा** त भाग IV ( भाषा I ) **वा** भाग V ( भाषा II ) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन**।
2. परीक्षार्थीले भाग I, II, III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V अन्तर्गत दिइएका छन्। भाषा परिशिष्ट तपाईँ अलग्गै माग्न सक्नुहुने छ।
4. यस पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पुस्तिकामा चिह्न लगाउनका लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस्।
5. यो भाषा पुस्तिकाको **सङ्केत I** हो। के सुनिश्चित गर्नुहोस् भने यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तरपत्रको **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ। यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनुपर्ने छ।
6. यस पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा **60** वटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन्।

   **भाग - IV : भाषा - I ( नेपाली )** *(प्र. 91 बाट प्र. 120)*

   **भाग - V : भाषा - II ( नेपाली )** *(प्र. 121 बाट प्र. 150)*
7. **भाग - IV** मा भाषा - I का लागि 30 प्रश्न र भाग - V भाषा-II का लागि 30 प्रश्न दिइएका छन्। **यदि तपाईँको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यस भाषासित सम्बन्धित परीक्षा पुस्तिका माग्नुहोस् जुन तपाईँको आवेदन पत्रमा अङ्कित थियो।**
8. **परीक्षार्थीले भाग V ( भाषा II ) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु पर्छ जो उनीद्वारा भाषा I (भाग IV) मा छानिएको भाषाबाट भिन्न होस्।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खाली स्थानमा नै गर्नुहोस्।
10. सबै उत्तर केवल **OMR** उत्तर पत्रमा अङ्कित गर्नुहोस्। आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस्। उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ।

विद्यार्थीको नाम (ठुलो अक्षरमा) : ______________________

अनुक्रमाङ्क : अङ्कमा : ______________________

: शब्दमा : ______________________

परीक्षा केन्द्र : ______________________

परीक्षार्थीको हस्ताक्षर : ______________ निरीक्षकको हस्ताक्षर : ______________

Facsimile signature stamp of
Centre Superintendent ______________________

परीक्षार्थीहरूले **भाषा–I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग–IV** ( **प्रश्न 91–120** ) का प्रश्नहरूको उत्तर दिनुपर्ने छ।

Candidates should attempt the questions from **Part-IV (Q.No. 91-120)**, if they have opted **NEPALI** as **Language-I** only.

## PART-IV

## LANGUAGE-I

## NEPALI

परीक्षार्थीहरूले **भाषा-I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग-IV ( प्रश्न 91-120 )** का प्रश्नहरूको उत्तर दिनुपर्ने छ।

**दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू ( 91-99 ) का उत्तर चिन्हित गर्नु होस्।**

उचित समयमा सबै काम सम्पन्न गर्ने बानीलाई समयनिष्ठा भनिन्छ। मनुष्यको जीवन अति छोटो छ अनि यो छोटो जीवनमा सम्पन्न गरिनु पर्ने कामहरू धेरै छन्। यस्तो अवस्थामा हामीमा उचित समयमा उचित काम गर्ने प्रवृत्ति छैन भने हामी जीवनमा कहिल्यै पनि सफल हुने छैनौँ। हामीले आफ्नो जीवनलाई उन्नतशील र सफल तुल्याउनु हो भने आफ्नो अमूल्य समयलाई व्यर्थमा नष्ट गर्नु हुँदैन। एकपल्ट बितेर गएको समय फेरि फर्केर आउँदैन। यसैले हामीले एक पल समय पनि खेर नफाली त्यसलाई उचित काममा प्रयोग गर्नु पर्छ। व्यापारीहरूले समयको पालन गरेनन् भने तिनीहरूको कारबार चौपट हुन्छ। उचित समयमा गाडी चलाइएन भने यात्रीहरूलाई कष्ट हुन जान्छ। समयनिष्ठता डाक्टरमा छैन भने मधौरौहरूले बिनाऔषधी, बिनाउपचार अकालमा प्राण त्याग गर्नु पर्छ। शिक्षकहरूमा समयनिष्ठता नहरे सारा विद्यार्थीहरूलाई क्षति पुग्छ अनि विद्यालयको अनुशासन भङ्ग हुन्छ। समयनिष्ठाद्वारा अनेक लाभ प्राप्त गर्न सकिन्छ। जुन मानिस समयनिष्ठ छ, उसलाई कहिल्यै केही काममा पनि आतुरी पर्दैन। किनभने उसलाई कहिल्यै पनि समयको अभाव हुँदैन। सबै काम निश्चित समयअनुसार गर्ने हुनाले समयनिष्ठ व्यक्ति जुनै काम पनि स्थिर भएर गर्छ र उसले गरेको काम प्राय: दोषरहित हुन्छ। समयनिष्ठ सेवक स्वामीको प्यारो हुन्छ। समयनिष्ठ विधार्थी शिक्षकको प्यारो, समयनिष्ठ कर्मी तथा सैनिक अफिसरको प्यारो हुन्छ। प्यार, प्रशंसा र आदर वा श्रद्धाको पात्र हुनु नै जीवनमा सफलता प्राप्त गर्नु हो।

**91.** 'समयनिष्ठा' भनेको के हो ?

(1) समयमा गर्नु पर्ने काम

(2) निश्चित समयमा काम गर्ने मानिसको स्वभाव

(3) उचित समयमा काम गर्ने मानिसहरू

(4) समयलाई भन्दा कामलाई महत्व दिनु

**92.** समय खेर नफाल्नाले के लाभ हुन्छ ?

(1) स्वास्थ्य राम्रो हुन्छ

(2) उब्रिएको समय मनोरञ्जनमा लाउन सकिन्छ

(3) उन्नति गरी सफल हुन सकिन्छ

(4) सफल हुनेहरूको लहरमा सबैभन्दा अगाडि भइन्छ

**93.** डाक्टरहरूले समयको पालन नगरे के परिणाम हुन्छ ?

(1) मधौरोहरूले पर्खिरहनु पर्छ

(2) मधौरोहरूले औषधी किन्न पाउँदैनन्

(3) अस्पताल बन्द हुने अवस्था हुन्छ

(4) उपचार नपाई मधौरोहरूको मृत्यु पनि हुन सक्छ

**94.** 'बिनाऔषधी' पदमा जोडिएको 'बिना' कुन वर्गको शब्द हो ?

(1) संज्ञा (2) नामयोगी (3) क्रियायोगी (4) निपात

**95.** समय विचार गरेर गरिएको काम कस्तो हुन्छ ?

(1) संसारमै श्रेष्ठ

(2) सुहाउँदो र उपकारी

(3) उदाहरणीय

(4) दोषरहित

96. ‘समयनिष्ठा ’ कुन प्रक्रियाले बनेको शब्द हो ?

(1) सन्धि (2) समास (3) सर्ग (4) द्वित्व

97. समयमा उचित काम गर्ने मानिसलाई कुन समस्या आइपर्दैन ?

(1) उसलाई हतार हुँदैन (2) ऊ सधैँ हँसिलो भइरहन्छ

(3) ऊ राम्ररी निदाउन सक्छ (4) उसले कसैको सहयोग लिनु पर्दैन

98. व्यापारीहरूले समयमा काम गर्नाले के हुन्छ ?

(1) व्यापारमा उन्नति र लाभ (2) उत्पादनमा वृद्धि

(3) अधिक उत्पादन भएर वितरणमा समस्या (4) व्यवसायी कुनै पनि प्रतियोगितामा पछि पर्छ

99. तलको कुन भनाइ अनुच्छेदको प्रसङ्ग अनुसार सही हो ?

(1) जीवन छोटो छ, समय धेरै छ (2) समय थोरै छ, जीवन लामो

(3) जीवन छोटो छ, गर्नु पर्ने काम धेरै (4) समय र जीवन दुवै नपुग्दो गरी छोटा छन्

**दिइएको कविता पढेर तल भएका प्रश्नहरू ( 100-105 ) का उत्तर चिन्हित गर्नु होस्।**

बडाले जो गऱ्यो काम हुन्छ त्यो सर्वसम्मत
छैन शङ्करको नङ्गा, मगन्ते भेष निन्दित।
गरदैन ठूलो व्यक्ति मर्यादा-स्थिति-लङ्घन
बसेको छ महासिन्धु सीमा-बद्ध बनीकन।
दबिन्छ गुणिको दोष गुणका राशिमा परी
रश्मिले चन्द्रको दाग दबाएकै छ बेसरी।
कसैको लोकमा छैन एकैनास समुन्नति
अरूके के कुरा हेर सन्ध्यामा सूर्यको गति।
ज्यादा सोझो हुनु भन्दा टेढिनु छ फलाऽधिक
गरदैन कुनै सोझो ग्रहको पूजनाऽऽदिक।

100. मानिसहरू सोझो ग्रहको पूजा किन धेरै गर्दैनन् ?

(1) सोझो ग्रहले अरू ग्रहलाई नियन्त्रित गर्ने हुनाले

(2) सोझो ग्रहले बेसी कष्ट नदिने हुनाले

(3) अरू ग्रहको पूजा गर्दा सोझो ग्रहको पनि त्यसमै हुने हुनाले

(4) सोझो ग्रहले थोरै फल दिने हुनाले

101. यस कवितामा कस्तो सन्देश पाइन्छ ?

(1) धार्मिक (2) सांस्कृतिक (3) नैतिक (4) विज्ञानसम्मत

102. ‘महासिन्धु’ कस्तो पद हो ?

(1) तद्भव पद (2) नामधातु (3) नामयोगी (4) समस्त पद

**103.** चन्द्रमामा दाग के भएर लुकेको वा स्पष्ट नदेखिएको हो ?

(1) हामी चन्द्रमादेखि धेरै टाढा भएर
(2) घामको प्रकाश त्यहाँसम्म नपुगेर
(3) प्रकाशले त्यसको दाग छोपिदिएर
(4) चन्द्रमाले आफ्नो दोष गुणमा परिवर्तन गरिदिएर

**104.** शङ्करको नाङ्गो शरीर मगन्ते भेषको पनि निन्दा किन गरिँदैन ?

(1) उनलाई त्यसले सुहाएको हुँदा
(2) उनी संसारका संहारक भएको हुँदा
(3) उनले सबैलाई हेय ठानेको हुँदा
(4) उनी मान्य भएको हुँदा

**105.** 'सन्ध्याको सूर्यको गति' कुन कुराको दृष्टान्त मानिएको छ ?

(1) एकनासको विकास नहुनाको
(2) विकासमा अवरोध आउनाको
(3) दिन सिद्धिएको
(4) एउटै मात्र कार्य गर्नाको

**106.** कुनै विद्यार्थीलाई लक्ष्य भाषामा पारङ्गत मान्नुपर्दछ यदि ऊ –

(1) उपयुक्त शब्दभण्डार जान्दछ तर निर्बाध प्रयोग गर्न सक्दैन।
(2) गृह भाषामा पढ्न र लेख्न सक्दछ।
(3) स्पष्ट र अचूक ढङ्गले लक्ष्य भाषा चलाउँदछ।
(4) के बोलियो भन्ने जान्न सक्दछ।

**107.** व्यायाम र अभ्यासबाट भाषा सिकिन्छ। भाषा सिकाइको यस विचारलाई कसले समर्थन गरेका छन् ?

(1) बी एफ स्किनर (2) लेभ भ्यगोत्स्की (3) नोअम चम्स्की (4) ज्याँ पियाजे

**108.** ग्रेड–2 का विद्यार्थी रविकान्तलाई लेख्दा शब्द र वर्ण बनाउनमा असुविधा हुन्छ। उसको लेखाइ सफा र स्थिर छैन। यो हो –

(1) डिसग्राफिया (2) डिसलेक्सिया (3) डिसक्याल्कुलिया (4) डिसफ्रासिया

**109.** धेरैवटा भाषा बोल्ने व्यक्तिलाई __________ पनि भन्न सकिन्छ।

(1) द्विभाषी (2) एकभाषी (3) बहुभाषी (4) भाषावैज्ञानिक

**110.** भाषा ग्रहण र उत्पादनमा नानीलाई सक्षम बनाउने जन्मजात मानसिक क्षमताको देशीय विचार हो –

(1) भाषा सिकाइको आग्रह
(2) भाषा विकासको उपकरण
(3) भाषा अधिग्रहणको संयन्त्र
(4) भाषा रचना

**111.** हिजो मलाई जलन्धर जानु थियो, तर मेरो train miss भइगयो।
यो वाक्य एउटा उदाहरण हो –

(1) कोड मिश्रण (2) कोड परिवर्तन (3) कोड अन्तरण (4) कोड विविधता

**112.** तलका मध्ये कुन वक्तव्य पठन र लेखन कौशलका लागि सत्य छ ?

(1) पठनमा अझ राम्रो लेखन कौशलको प्रभाव हुँदैन।
(2) धेरै पठन गर्ने विद्यार्थी अझ राम्रो लेख्ने हुन्छन्।
(3) राम्ररी लेख्ने विद्यार्थी सधैँ वर्तनी राम्ररी जान्ने हुन्छन्।
(4) पठन र लेखन कौशल सधैँ बेग्लाबेग्लै सिकाउनु पर्दछ।

**113.** नादिराले ग्रेड-4 मा आफ्ना विद्यार्थीहरूको रचना पठन मात्रको मूल्याङ्कन गर्नु छ। तलबाट उसले विद्यार्थीहरूलाई दिनसक्ने सबैभन्दा उचित काम छान्नुहोस् -

(1) पढिएको पाठको श्रुतिलिपि। (2) पठनका 4-5 लाभ लेख।

(3) तिम्रो आफ्नो शब्दमा कथा फेरि भन। (4) पाठबाट शब्दहरूका वाक्य बनाऊ।

**114.** कुर्ने शिक्षिकाले विद्यार्थीहरूलाई दिइएको शीर्षकमाथि छवटा वाक्य भन्न लगाइन्। यस क्रियाकलापमा उनीहरूले बोल्दा उनले श्रेणीका रहल विद्यार्थीहरूलाई सहपाठीलाई जाँच्न लगाइन्। यस प्रकारको मूल्याङ्कनलाई भनिन्छ -

(1) स्व मूल्याङ्कन (2) वैयक्तिक मूल्याङ्कन

(3) समूह मूल्याङ्कन (4) सह मैत्री मूल्याङ्कन

**115.** शिशुले 2-3 मासे वयमा एकल स्वरजस्ता ध्वनि निकाल्दछन्। भाषा विकासको यस अवस्थालाई भनिन्छ -

(1) कुर्लिनु (2) होलोफ्रास्टिक (3) तोते बोल्नु (4) एकल शब्द

**116.** मूल्याङ्कन प्रक्रियामा मित्रको प्रभावी प्रतिक्रिया -

(1) मित्रको प्रभावी प्रतिक्रिया प्रासङ्गिक नभए पन्साउनु पर्दछ।

(2) यो शिक्षकको दायित्व हुनाले अभ्यास गर्नु हुँदैन।

(3) लेखन कौशलसित नियमित रूपले प्रयोग गर्नु पर्दछ।

(4) लेखन कौशलसित मात्र प्रयोग गर्नु पर्दछ अनि अरू तीनवटा कौशलसित पर्दैन।

**117.** प्रभावशाली श्रवणका लागि तलका मध्ये कुनचाहिँ युक्ति होइन ?

(1) प्राक् श्रवण विश्लेषण (2) संरचित कुराको सुनाइ

(3) पूर्वानुमान (4) दलीय श्रवण

**118.** ग्रहण योग्य शब्दभण्डार त्यस्ता शब्द हुन् जो -

(1) कसैले हेरेर वा सुनेर चिन्दछ।

(2) कसैले पाठबाटै बुझ्दछ।

(3) कसैले अरूका बोलीबाटै लिँदछ।

(4) कसैले उसको सक्रिय शब्द भण्डारमा चलाउँदछ।

**119.** ग्रेड-2 श्रेणीमा विद्यार्थीहरू विभिन्न भाषिक पृष्ठभूमिकाबाट आएका छन्। श्रेणीको यो बहुभाषीय प्रकृति -

(1) श्रेणीमा पढाउने शिक्षिकाका लागि बोझ हो।

(2) भाषा सिकाइका लागि यो भ्रामक हुनाले बाधा हो।

(3) भाषा सिकाइका लागि यसलाई संसाधनका रूपमा चलाउन सकिन्छ।

(4) एउटा नयाँ भाषा सिकाइका लागि अल्मल हुँदछ।

**120.** गुरूले शिष्यहरूलाई एउटा अनुच्छेद लेख्न लाए। लेखन प्रक्रिया थाल्दा विद्यार्थीहरूले सबैभन्दा पहिले कुन थोक गर्नु पर्दछ ?

(1) खेस्रा दोहोर्‍याउनु (2) अनुच्छेद लेख्न थाल्नु

(3) शीर्षकबारे मथिङ्गल मन्थन गर्नु (4) खेस्रा सम्पादन गर्नु

परीक्षार्थीहरूले **भाषा–II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग–V** **( प्रश्न 121–150 )** का प्रश्नहरूको उत्तर दिनुपर्ने छ।

Candidates should attempt the questions from **Part-V (Q.No. 121-150)**, if they have opted **NEPALI** as **Language-II** only.

## PART-V

## LANGUAGE-II

## NEPALI

परीक्षार्थीहरूले **भाषा-II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग-V ( प्रश्न 121-150 )** का प्रश्नहरूको उत्तर दिनुपर्ने छ।

**दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू ( 121-128 ) का उत्तर चिन्हित गर्नु होस्।**

लोकगाथा भनेको त्यस्तो गीत हो जसमा एउटा कथा हुन्छ। यो गीत भन्दा यतिले मात्र भिन्न हुन्छ तापनि आकार, विषयवस्तु र प्रस्तुतीकरणका शैलीले गर्दा यसका प्रकारहरू हुन सक्छन्। लोक साहित्यको एउटा विधाका रूपमा लोक साहित्यका विशेषताहरू यसमा पनि पाइन्छन्। उदाहरणका निम्ति लोकगाथा मौखिक परम्परामा जीवित रहन्छ। यसका गायकहरू हुन्छन् र तिनबाट अरूले सिक्छन् अनि एउटाबाट अर्कामा सर्दै यो समाजमा जीवित रहन्छ। मौखिक हुनाले नै यसको एउटै रूप रहिरहँदैन। यसमा स्थान र प्रकृति, जीवन पद्धति र व्यवहारको चित्रण त हुन्छ नै तर यी कुराहरू पनि समयअनुसार फेरिँदै जान्छन्। कुनै समयका घटनामा आधारित भई ऐतिहासिकता बोकेर पनि लोकगाथाहरूले कल्पना र अतिरञ्जनालाई स्थान दिन्छन्। लोकगीतमा जस्तै लोकगाथामा नृत्य र बाजाहरू आवश्यक पर्न सक्छन्। केही गीत जस्तै केही गाथाहरू गाइन्छन्, तिनका साथ नृत्य र बाजा रहँदैनन्। केही गाथाहरू बाजाका साथमा प्रस्तुत गरिन्छन्। केही गाथाहरू बाजा बजाउँदै नाच्तै प्रस्तुत हुन्छन्। घटनामा आधारित वर्णन हुने हुँदा लोकगाथाहरूमा पनि नाटकीय समाप्ति देखिन सक्छ र सोझै केही नभनेर घटना र चरित्रबाटै भाव र सन्देशको अभिव्यक्ति हुन्छ। धेरै जसो लोकगाथाहरू गीतबद्ध नै हुन्छन्, यद्यपि गीतका छन्द, लय र भाका पनि फरक फरक हुन सक्छन्। डोटेली भारतहरूमा बिचबिचमा गद्यको प्रयोग पनि पाइन्छ । यसै कारण भारतहरूलाई लोककाव्यमा राखिएको छ।

**121.** कस्ता कुरा वा घटनादिको समावेश लोकगाथामा हुन्छ ?

(1) संस्कारगत
(2) ऐतिहासिक
(3) भूप्रकृतिका कुरा
(4) पशुजगत्का कुरा

**122.** लोकगाथाको रूप फेरिनाको कारण के हो ?

(1) धेरैले सुनाएर
(2) सीमित ठाउँमा खुम्चिएर
(3) कसैले बिर्सेर कसैले सम्झेर
(4) मौखिक भएर

**123.** लोकगाथामा कुन माध्यम वा पक्ष सन्देशका लागि दृष्टान्तमूलक हुन सक्छ ?

(1) छन्द, लय र भाका
(2) घटना र चरित्र
(3) एकोहोरो आवृत्ति
(4) श्रोता तथा दर्शकसितको कुराकानी

**124.** लोकगीत र लोकगाथामाझ प्रदर्शनमूलक समानता के हो ?

(1) नृत्य र बाजा
(2) सङ्क्षिप्तता र गायन
(3) कथा र वाचन
(4) नृत्य, बाजा र सङ्क्षिप्तता

**125.** लोकगाथा बुझाउन तलको कुन कथन उपयुक्त छ ?

(1) लोकगाथा लामो गीत हो
(2) लोकगाथा गीत पनि भएको कथा हो
(3) लोकगाथा कथा भएको गीत हो
(4) लोकगाथा समूहमा गाइने गीत हो

**126.** 'फरक फरक'–को अर्थ बुझाउने नेपालीमा अर्को वाक्यांश के हुन सक्छ ?

(1) छिन्न भिन्न
(2) उस्तै उस्तै
(3) बेग्ला बेग्लै
(4) मिल्दो जुल्दो

**127.** लोकगाथाको विकास र प्रसार कसरी भएको छ ?

(1) अध्येताहरूको संरक्षणले
(2) मौखिक परम्पराबाट
(3) सामाजिक क्रियाकलापबाट
(4) लोक साहित्यको अध्ययन तथा विमर्शले

**128.** अनुच्छेदमा आएको 'भारत' शब्दले के बुझाउँछ ?

(1) पहाडी क्षेत्रमा भएको एउटा स्थान
(2) भारतवर्ष, देश
(3) गीतमा गद्य प्रयुक्त हुने शास्त्रीय छन्द
(4) लोककाव्यको एउटा भेद

**दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू ( 129-135 ) का उत्तर चिन्हित गर्नु होस्।**

भाव विस्तार वा विस्तृतीकरणको साधारण अर्थ– दिइएको भाव अर्थात् आन्तरिक भनाइको उल्लेख गर्नु। कुनै कुनै वाक्यांश अथवा वाक्यहरूमा लुकेर बसेका कुरालाई खुलस्त पारेर लेखे ती वाक्यहरूमा भाव विस्तार हुन्छन्। तर एउटै कुरालाई घरिघरि लेखेर लेखेर मात्र विस्तृतीकरण वा भाव विस्तार हुँदैन। यसका निम्ति विस्तार गर्नु पर्ने भावको साधारण वा शाब्दिक अर्थ, भित्री अर्थ, व्याख्या औ उदाहरण दिनु पर्छ। तर यसो गर्नलाई विस्तार गर्नु पर्ने भावको अर्थ बुझेको हुनु पर्छ। कारण अर्थै नबुझी भाव विस्तार गर्न सकिँदैन। फेरि मूल भावलाई छोडेर वरपरका कुराहरू मात्र लेख्नाले पनि भाव विस्तार हुँदैन। भाव विस्तार छोटो पनि हुन्छ औ लामो पनि । छात्र छात्राहरूले परीक्षाको समय गर्नु पर्ने भाव विस्तार तोकिएको समय अथवा मार्क हेरेर गरे हुन्छ। लामो वा छोटो बनाउनु पर्ने आफै निर्णय गर्नु पर्छ। दुई तीन घन्टा पुरा समय दिएर एउटै भाव विस्तार गर्न पनि सकिन्छ औ फेरि त्यसैलाई पाँच मिनटमा पनि छोटो रूपमा भाव विस्तार वा विस्तृतीकरण गर्न सकिन्छ।

**129.** भाव विस्तारका लागि कुन कुन घटक महत्त्वपूर्ण हुन्छन् ?

(1) सङ्क्षिप्तता, सङ्केत, अनौपचारिक भाषा
(2) समय, अर्थ, अर्थ विस्तार
(3) शब्द र पाठको अर्थ, व्याख्या, दृष्टान्त
(4) पाठको स्मरण, सरल बोध, व्याकरण

**130.** भाव विस्तारको आकार वा आयतन कस्तो र कति हुनु पर्छ ?

(1) व्याख्या गर्नु पर्ने हुँदा यो निकै लामो हुनु पर्छ
(2) यति नै लामो वा छोटो हुनु पर्छ भन्ने छैन
(3) यो छोटो हुनु पर्छ
(4) दस पन्ध्र पृष्ठको हुनु पर्छ

**131.** भाव विस्तार गर्दा कुन कुरा हुनदेखि सर्वाधिक जोगिनु पर्छ ?

(1) पुनरावृत्ति (2) अनुवाद
(3) सरल शब्दको अप्रयोजनीयता (4) भित्री अर्थको व्याख्या

**132.** भाव विस्तार भनेको के हो ?

(1) कुनै भनाइमा रहेको भावको विस्तृतीकरण
(2) कुनै पनि कुरा विस्तारसँग लेख्नु
(3) कुनै भनाइमा रहेका अप्ठ्यारा शब्दहरू बुझ्नु
(4) मूल भावदेखि इतर विषयका कुराहरू जोडेर लेख्नु

**133.** विद्यार्थीले भाव विस्तार कति लामो लेख्नु पर्छ ?

(1) तोकिएको अङ्क विचार गरेर (2) दुईदेखि तीन अनुच्छेदसम्म
(3) तोकिएको समय र अङ्क विचार गरेर (4) प्रतिवेदन लेखन भन्दा छोटो

**134.** तलको कुन कथन सही हो ?

(1) भाव विस्तारमा व्याख्या आवश्यक हुँदैन
(2) भाव विस्तार गर्दा भावको व्याख्या पनि गर्नु पर्छ
(3) लामो बनाउने हुनाले दृष्टान्तहरू भाव विस्तारमा राख्नु हुन्न
(4) भाव विस्तार गर्नु भनेको वास्तवमा शब्दहरूको अर्थ खोल्नु हो

**135.** 'विस्तृतीकरण' शब्द कुन प्रक्रियाले निर्मित छ ?

(1) परसर्ग प्रक्रिया (2) समास प्रक्रिया
(3) द्वित्व प्रक्रिया (4) सङ्क्षेपीकरण प्रक्रिया

**136.** स्वतन्त्र लेखनका लागि ग्रेड-5-मा अध्यापिकाले आफ्ना विद्यार्थीहरूलाई धेरै अवसर दिन्छिन्। यसले विद्यार्थीलाई सहयोग गर्दछ –

(1) लेख्दामा व्याकरणिक अचूकता (2) अचूक लेखन
(3) पाठ र धाराप्रवाह बुझाइ (4) प्रयुक्त भाषा बुझाइ

**137.** क्लासमा एउटा सुन्ने क्रियाकलाप सञ्चालन गरिसकेपछि शिक्षिकाले विद्यार्थीहरूले प्रभावशाली ढङ्गले सुनिरहेका छन् कि छैनन् भन्ने मूल्याङ्कन गर्न चाहिन्। उनले कुन परामिति मानिलिनु पर्दछ ?

(a) उनीहरूले के सुने भनी विद्यार्थीले प्रश्न सोध्नेछन्।
(b) विद्यार्थीले जे सुने ती छोटोमा भन्न सक्दछन्।
(c) विद्यार्थीहरूले चुपचाप सुनिरहेका छन्।

(1) (a) ठिक हो अनि (b) भुल हो।
(2) (b) ठिक हो तर (a) र (c) भुल हुन्।
(3) (a) र (b) ठिक हुन् अनि (c) भुल हो।
(4) (a), (b) र (c) ठिक हुन् ।

**138.** श्रीमती रविनाले तेस्रो श्रेणीका आफ्ना विद्यार्थीहरूका लागि बोल्न सिकाउने थुप्रै क्रियाकलाप सञ्चालन गर्दछिन्। श्रेणी समग्रका लागि यी क्रियाकलापमध्ये कुनचाहिँ क्रियाकलाप बोल्न सिकाउनका सन्दर्भमा उचित छ ?

(1) शिक्षिकाले उपलब्ध गराइदिएको श्रव्य-दृश्य संयन्त्रमा एउटा कथा सुन्नु।

(2) स-साना समूहमा शीर्षक विषयमाथि मथिङ्गल मन्थन गर्नु।

(3) सिक्नका लागि शिक्षिकाले विद्यार्थीहरूलाई सम्वादहरू दिन्छिन् अनि क्लासमा उनीहरूलाई ती नाटकमा पुनरुत्पादन गर्न लाइन्।

(4) शिक्षिकाले उच्चारण सन्दर्भमा विद्यार्थीहरूलाई डाकिन् अनि उनको पछिपछि दोहोऱ्याउँदै अभ्यास गर्न लगाइन्।

**139.** प्राक् पाठशालाको कुनै नानी वर्णमाला खुट्ट्याउन र ध्वनि चिन्न योग्य हुँदछ तर उसलाई साना शब्द पढ्न गाह्रो पर्दछ। उसलाई शब्द पढ्नमा शिक्षिकाले सहयोग गर्दछिन्। शिक्षिकाले अनुसरण गरेको सञ्चालन कला हो -

(1) स्मरण गर्नु

(2) हात समाउनु

(3) साथीले सिकाउनु

(4) भरथेक गर्नु

**140.** भाषा दक्षता जाँच __________ हुनैपर्दछ।

(1) सरल (2) द्विअर्थक (3) विश्वस्त (4) जटिल

**141.** तलका मध्ये कुन चाहिँ सर्सर्ती पढ्ने कौशलको सम्यक् उदाहरण हो ?

(1) परीक्षाका लागि ठिकठाक पर्नु।

(2) स्वास्थ्य सम्बन्धी बुझ्न एउटा मेडिकल रिपोर्ट पठन।

(3) तपाईंले लाग्ने योजना बनाउनुभएको कामका कुरा र उपबन्ध पठन।

(4) एक दिने समाचार एकसरो हेरेर समाचारपत्र पढ्नु।

**142.** पाठ पढिसकेपछि शिक्षिकाले उनका विद्यार्थीहरूलाई पाठमाथि उनीहरूको आफ्नै व्याख्या सृजना गर्न लगाइन्। यस सह कौशललाई भनिन्छ -

(1) भावानुवाद (2) पूर्वानुमान (3) अनुमान (4) सारांश

**143.** चित्र पठन पठनको अङ्ग हुनुपर्छ किनभने

(1) यसले नानीहरूलाई त्यस्ता चित्र बनाउन दिँदछ।

(2) यो नव पठनको प्रारम्भिक अवस्था हो।

(3) यसले सिकारुहरूलाई श्रेणीमा भुल्याइराख्न र अनुशासन बनाइराख्नमा सहायत गर्दछ।

(4) यसले विभिन्न रङ्गसित परिचित गराउँदछ।

**144.** पानी परिरहेको दिन शिक्षिकाले विद्यार्थीहरूलाई गोलो भई वरिपरि बस्न लगाइन् अनि उनीहरूलाई पानी परेको दिन कुनै एउटा सम्झना आइबस्ने घटना साझा गर्न लगाइन्। यसले कसरी भाषा विकासमा ग्रेड-1-का विद्यार्थीहरूलाई सहायता हुँदछ ?

(1) उनीहरूले ग्रोस मोटर कौशल पाउनेछन्।

(2) उनीहरू प्रभावशाली सम्प्रेषक बन्नेछन्।

(3) उनीहरू राम्रा पाठक बन्नेछन्।

(4) उनीहरूले आफ्ना हस्ताक्षर सुधार्नेछन्।

**145.** क्लासमा अकादमीय भाषा प्रोन्नत गर्न शिक्षिकाले –

(1) सिकारुहरूलाई बाल दिवसमाथि एउटा रिपोर्ट लेख्न लगाइन्।

(2) सिकारुहरूलाई साथीहरूसित कुराकानी गर्ने अवसर दिइन्।

(3) खेलचौरमा नानीहरूले चलाएका भाषामा विचार गरिरहिन्।

(4) सिकारुहरूलाई उनीहरूका प्रिय कार्टुनमा चलाइएका अपभाषा साझा गर्न लाइन्।

**146.** नेप (NEP) 2020-अनुसार आधारभूत अवस्थामा निदेशन माध्यम हुनुपर्दछ –

(1) अङ्ग्रेजी (2) हिन्दी (3) गृहभाषा (4) राजभाषा

**147.** कुराकानी गर्दा वक्ताले वैकल्पिक रूपले दुईवटा वा दुईवटाभन्दा बेसी भाषाको प्रयोग गर्दछ भने त्यसलाई भनिन्छ ___________ ।

(1) बहुभाषावाद (2) कोड मिश्रण (3) कोड परिवर्तन (4) द्विभाषावाद

**148.** तलका मध्ये कुनचाहिँ एउटा डिसलेक्सियाको लक्षण होइन –

(1) वर्ण शब्द चिन्न गाह्रो हुनु।

(2) शब्द र विचार बुझ्न समस्या हुनु।

(3) सामान्य शब्दभण्डार कौशलमा समस्या हुनु।

(4) भाँती पारेर वर्ण र शब्द सार्नमा समस्या हुनु।

**149.** तलको कुन चाहिँ क्रियाकलाप नवोदित लेखकका लागि लेख्नमा तत्पर बनाउनसित सम्बन्धित छैन ?

(1) माटोलाई आकार दिनु (2) टाँक लाउनु र चेन लाउनु

(3) लेस र डोरी बाँध्नु (4) उफ्रिनु

**150.** भाषा अधिग्रहण गर्नुभन्दा अघि बुद्धि र विचारको विकास हुन्छ अनि भाषा विचारको उत्पाद हो। यस विचारलाई कसले समर्थन गरेका छन् ?

(1) भ्यगोत्स्की (2) पियाजे (3) बेन्जामिन व्होर्फ (4) स्किनर

- o O o -

SPACE FOR ROUGH WORK

**तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस्**

1. प्रश्नहरूका उत्तर कुन प्रकारले दिनुपर्ने हो भन्नेबारे उत्तर-पुस्तिकामा राम्ररी बुझाइएको छ, उत्तर दिनुभन्दा अघि ती राम्ररी पढ्नुहोस्।

2. OMR को दोस्रो पातोमा दिइएका चार वैकल्पिक उत्तरहरूमध्ये केवल एउटा शुद्ध वृत्तलाई **निलो/कालो बल पेनले भरेर कालो** पार्नुहोस्। एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्च्याउन पाइने छैन।

3. परीक्षार्थीले उत्तर पुस्तिका भाँचभुच गर्न पाउने छैनन्। कुनै पनि उत्तरमाथि कोरकार गर्न पाउने छैनन्। निर्दिष्ट गरिएको बाहेक अन्यत्र कतै आफ्नो रोल नम्बर लेख्न पाइने छैन।

4. उत्तर पत्र तथा परीक्षा पुस्तिकालाई विशेष रूपले ध्यान दिनु होस्। कुनै कारणवश परीक्षा पुस्तिका र उत्तर पत्रको कोड वा सङ्ख्या यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ।

5. परीक्षार्थीले दिइएको उत्तर पत्र/परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नुपर्ने छ।

6. OMR उत्तर पुस्तिकामा दिइएका सूचनादि जाँच गर्ने र पढ्ने काम यन्त्रद्वारा गरिने हुँदा कुनै पनि सूचना अधुरो नरहोस् अनि प्रवेश पत्रमा दिइएको सूचनाभन्दा भिन्न पनि नहोस्।

7. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामग्री आदि ल्याउन पाउने छैनन्।

8. मोबाइल फोन, वायरलेस संयन्त्र (स्विच अफ गरिएकै अवस्थामा भए पनि) अनि अन्य वर्जित वस्तुहरू परीक्षा कक्ष/हलमा ल्याउन पाइने छैन। यस निर्देशको पालना नगरिएमा परीक्षा नियमको पालना नगरिएको ठहर गरी कार्वाही गरिनेछ, जसमा परीक्षा नै रद्द हुने कुरासम्म संलग्न छ।

9. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेश पत्र देखाउनु पर्ने छ।

10. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोड्न सक्ने छैनन्।

11. परीक्षार्थीले उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोड्न पाउने छैनन्। परीक्षा भवन छोड्न अघि निरीक्षक पत्र, उपस्थिति पत्र आदिमा हस्ताक्षर गर्नुपर्नेछ। कुनै परीक्षार्थीले दोस्रो पल्ट उपस्थिति पत्रमा हस्ताक्षर गरेको छैन भने उत्तर पत्र नफर्काएको मानिने छ र यो अनुचित मुद्दा ठहऱ्याइने छ। उपस्थिति पत्रमा दिइएको स्थानमा परीक्षार्थीले आफ्नो देबे हातको बुढी औँलाको छाप अवश्य लाउनु पर्ने छ।

12. कुनै पनि विद्युतीय उपकरण राख्नु निषेध छ।

13. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्ण रूपले पालन गर्नुपर्ने छ। कुनै तरीकाले नियम उल्लङ्घन भएमा बोर्डको नियमअनुसार दण्डको व्यवस्था गरिने छ।

14. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा अलग्गै पारी फटाउन पाइने छैन।

15. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनुपर्ने छ तब मात्रै परीक्षा भवन छोड्न पाइने छ। परीक्षार्थीले कुनै पनि उत्तर पुस्तिका साथमा लान पाउने छैनन्।**

## निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :

1. जिस प्रकार से विभिन्न प्रश्नों के उत्तर दिए जाने हैं उसका वर्णन परीक्षा पुस्तिका में किया गया है, जिसे आप प्रश्नों का उत्तर देने से पहले ध्यान से पढ़ लें।
2. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह **नीले/काले बॉल पॉइन्ट पेन** से भरें। एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है।
3. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ। परीक्षार्थी अपना अनुक्रमांक उत्तर-पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें।
4. परीक्षा पुस्तिका एवं उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर पत्र के कोड या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी।
5. परीक्षा पुस्तिका/उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका कोड व संख्या को परीक्षार्थी सही तरीके से उपस्थिति-पत्र में लिखें।
6. OMR उत्तर पत्र में कोडित जानकारी को एक मशीन पढ़ेगी। इसलिए कोई भी सूचना अधूरी न छोड़ें और यह प्रवेश-पत्र में दी गई सूचना से भिन्न नहीं होनी चाहिए।
7. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश-पत्र के सिवाय किसी प्रकार की पाठ्य-सामग्री, मुद्रित या हस्तलिखित, कागज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है।
8. मोबाइल फोन, बेतार संचार युक्तियाँ (स्विच ऑफ अवस्था में भी) और अन्य प्रतिबंधित वस्तुएँ परीक्षा हॉल/कक्ष में नहीं लाई जानी चाहिए। इस सूचना का पालन न होने पर इसे परीक्षा में अनुचित साधनों का प्रयोग माना जाएगा और परीक्षार्थी विरुद्ध कार्यवाही की जाएगी, परीक्षा रद्द करने सहित।
9. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-पत्र दिखाएँ।
10. केन्द्र अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें।
11. कार्यरत निरीक्षक को अपना उत्तर पत्र दिए बिना एवं उपस्थिति-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल/कक्ष नहीं छोड़ेंगे। यदि किसी परीक्षार्थी ने दूसरी बार उपस्थिति-पत्र पर हस्ताक्षर नहीं किए, तो यह माना जाएगा कि उसने उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा। **परीक्षार्थी अपने बाएँ हाथ के अंगूठे का निशान उपस्थिति-पत्र में दिए गए स्थान पर अवश्य लगाएँ।**
12. इलेक्ट्रॉनिक/हस्तचालित परिकलक का उपयोग वर्जित है।
13. परीक्षा हॉल/कक्ष में आचरण के लिए परीक्षार्थी परीक्षण संस्था के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं। अनुचित साधनों के सभी मामलों का फैसला परीक्षण संस्था के नियमों एवं विनियमों के अनुसार होगा।
14. किसी भी परिस्थिति में परीक्षा पुस्तिका और उत्तर पत्र का कोई भाग अलग न करें।
15. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी हॉल/कक्ष छोड़ने से पूर्व उत्तर पत्र निरीक्षक को अवश्य सौंप दें।** ***परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं।***

## READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY :

1. The manner in which the different questions are to be answered has been explained in the Test Booklet which you should read carefully before actually answering the questions.
2. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with **Blue / Black Ball Point Pen** on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
3. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
4. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
5. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet/Answer Sheet in the Attendance Sheet.
6. A machine will read the coded information in the OMR Answer Sheet. Hence, no information should be left incomplete and it should not be different from the information given in the Admit Card.
7. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the examination hall/room.
8. Mobile phones, wireless communication devices (even in switched off mode) and the other banned items should not be brought in the examination halls/rooms. Failing to comply with this instruction, it will be considered as using unfair means in the examination and action will be taken against the candidate including cancellation of examination.
9. Each candidate must show on demand his/her Admit Card to the Invigilator.
10. No candidate, without special permission of the Centre Superintendent or Invigilator, should leave his/her seat.
11. The candidates should not leave the Examination Hall/Room without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where candidate has not signed the Attendance Sheet second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case. **The candidates are also required to put their left hand THUMB impression in the space provided in the Attendance Sheet.**
12. Use of Electronic/Manual Calculator is prohibited.
13. The candidates are governed by all Rules and Regulations of the Examining Body with regard to their conduct in the Examination Hall/Room. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Examining Body.
14. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
15. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Hall / Room.** ***The candidates are allowed to take away this Test Booklet with them.***